# ऐसेलुखर्क गाउँपालिकाको आ.व. २०७९/०८० विस्तृत वजेट तथा कार्यक्रम

ऐसेलुखर्क गाउँपालिकाको आ.व. २०७९ /०८० को वार्षिक विस्तृत वजेट तथा कार्यक्रम सार्वजनिकरण समारोहमा उपस्थित हुनुभएका गाउँ सभाका अध्यक्ष ज्यू, यस सम्मानित सभामा उपस्थित सम्पुर्ण गाउँ सभासदस्य ज्यूहरु , ऐसेलुखर्क गाउँपालिकाका सम्पूर्ण कर्मचारी , बुद्धिजिबी महानुभावहरु, सञ्चारकर्मी तथा सुरक्षाकर्मी मित्रहरु, विभिन्न सञ्चार माध्यम तथा विभिन्न् सामाजिक सञ्जापलबाट प्रत्यक्ष रुपमा हामिलाई सुनिरहनु भएका सम्पूर्ण आमा-बुबा, दाजुभाइतथा दिदी बहिनीहरु

२०७९/०१/३० गते भएको स्थानीय तहको दोस्रो निर्वाचानमा सहभागी भई आफ्नो अमूल्य मताधिकार प्रयोग गरी ऐसेलुखर्क गाउँपालिकाको भावी विकासको अभिभारा हाम्रो काँधमा सुम्पिनु हुने सम्पूर्ण पालिकाबासीको हित र कल्याणका लागि गरेका प्रतिबद्धता र वचनवद्धताप्रति हामी कठिबद्ध छौं ।नयाँ जनादेश सहित हामीलाई मतदान गरी निर्वाचित गर्नु हुने आम पालिकाबासी आमा, बुवा, दाजुभाई तथा दिदीबहिनीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्रका लागि भएका विभिन्ना चरणबद्ध आन्दोलनमा आफ्नो अमूल्य जिवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुमा भावपूर्ण श्रद्धाञ्जदली अर्पण गर्दछु ।

सभाध्यक्ष महोदय,

नेपालको संविधानले हामिलाई दिएको अधिकारको प्रयोग र कार्यान्वयन गर्दै जानु आजको सबैभन्दा प्रमुख चुनौती बन्दै गएको छ । संघिय एवं प्रदेश सरकारको अनुदानमा हाम्रो गाउँपालिकाको विकास निर्भर रहेको छ ।यसो हुनाले हाम्रो गाउँपालिकाको सर्वपक्षीय विकासलाई अघि वढाउन कठिन रहेको देखिन्छ । यसो हुदा हुँदै पनि दिगो, नमुना योग्य र पालिका वासिले प्रत्यक्ष रुपमा अनुभुत हुने किसिमको विकास गर्नु अपरिहार्य रहेको छ ।

राजनितिक स्थायित्तवको जगमा तिव्र आर्थिक विकास र समृद्ध हासिल गर्न यस ऐसेलुखर्क गाउँपालिकाले दुरगामी सोच सहित वजेट विनियोजन गरेको छ सामाजिक न्यायमा आधारीत समतामुलक समाकज निर्माण गर्न संघ, प्रदेश र आन्तरिक स्रोत परिचालन मार्फत ऐसेलुखर्कको

सर्वाङ्गिण विकासमा जोड दिएको छ । स्थानीय निर्वाचन सम्पन्न पश्चात यस पालिकाका नागरिकहरुको जीवन स्तर सुधार हुने, आधुनिक, सुविधासम्पन्न, खुसी र सहज जिवन अनुभुत गर्न आकांक्षा राखेको छ । नागरिकका समृद्धि र समुन्नतीका अपेक्षा र सरकारको प्रतिवद्धता पुरा गर्न विकासका अल्पकालित र क्रमागत, दिर्घकालिन योजना कार्यान्वयन गरिने छ । दिर्घकालिन विकास रणनितिको माध्यामबाट सवै प्रकारका विभेद, वहिष्करण र वञ्चि तिकरणको न्युनिकरण गर्दै विकासका माध्याम बाट समाजवाद उन्मुख समृद्ध निर्माण हुनेछ

उत्पादन र उत्पादकत्व वृद्धि गर्न समन्यायिक वितरण सुनिस्चित गर्दै, ऐसेलुखर्कको समुन्नत क्षेत्र विकासमा जोड दिएको छ ।

सभाध्यक्ष महोदय एवं गाउँसभा सदस्य ज्यूहरु

आगामी  आर्थिक बर्ष २०७९/०८० को बार्षिक बजेट प्रस्तुत गर्नुपूर्व चालु आ.व. २०७८/०७९ को हाल सम्मको वजेट कार्यान्वयनको समिक्षा गर्न चाहान्छु ।

सभाध्यक्ष महोदय,

अव म यस सम्मानित सभामा आगामी  आर्थिक बर्ष २०७९/०८० को बार्षिक बजेट प्रस्तुत गर्नुपूर्व चालु आ.व. २०७८/०७९ मा सञ्चाद्लित योजना तथा कार्यक्रमहरुको समिक्षा प्रस्तुत गर्न अनुमती चाहान्छु ।

- चालु आ.व. २०७८/०७९ को लागि गत बर्ष २०७८ साल असार १० गते गाउँ सभाबाट विनियोजित रकम रु. ५० करोड ५४ लाख ८० हजारमध्ये कतिपय योजना तथा कार्यक्रमहरु सम्झौता तथा समयमै सम्पन्न नभएको हुनाले करिव रु ३ करोड १८ लाखगाउँपालिकाकको संचित कोषमानै संचित हुने देखिन्छ । चालु आ.व. २०७८/०७९ मा चालु तर्फ कुल वजेट रु. ३० करोड ३८ लाख ९४ हजार ९ सयमध्ये असार २९ गते सम्ममा करिव ८१% खर्च भएको देखिन्छ भने पूँजिगत तर्फ रु.१९ करोड ६५ लाख ८६ हजारमध्ये ७१.२५% खर्च भएको देखिन्छ ।यस वर्ष सन्चालित योजनाहरुले गाउँपालिकाको समग्र विकासमा सुधार ल्याएको देखिन्छ । यद्यपी विभिन्न कारणहरुले योजना तथा कार्यक्रमहरु अपेक्षित रुपमा समयमै सम्पन्न गर्न नसकिएको सर्वविधितै छ ।यसो हुनाले आगामी आ.व. मा कार्यसूची तयार गरि योजना तथा कार्यक्रमहरु समयमै सम्पन्न गर्ने वातावरण तयार गर्नुपर्ने आवस्यकता देखिएको छ ।

सभाध्यक्ष महोदय,

२०७९ साल असार १० गते यस गरिमामय सभामा प्रस्तुत भएको निति तथा कार्यक्रमलाई यस वजेटमा सकेसम्म सम्मोधन गर्ने गरि कार्यक्रम अनुरुप वजेट विनियोजन गरेको यस सम्मानित सभालाई विस्वास दिलाउन चाहान्छु ।

अव म आर्थिक बर्ष २०७९/०८० को बार्षिक वजेटको विस्तृत विवरण सार्वजानिक गर्ने अनुमती चाहान्छु ।

आय तर्फ

संघिय सरकारबाट प्राप्त सशर्त अनुदान चालू - रु १९ करोड ६५ लाख
संघिय सरकारबाट प्राप्त सशर्त अनुदान पूजिगत – रु १ करोड ९१ लाख
संघिय सरकारबाट प्राप्त विसेस अनुदान – रु १ करोड
संघिय सरकारबाट प्राप्त समानिकरण अनुदान चालू - रु ८ करोड ९३ लाख
संघिय सरकारबाट प्राप्त समपुरक कोष अनुदान – रु १ करोड
संघिय सरकार राजस्व बाँडफाँड बाट प्राप्त अनुदान - रु ७ करोड ६६ लाख ९ हजार
प्रदेश सरकार समानिकरण अनुदान – रु ४६ लाख ९८ हजार
प्रदेश सरकार समपुरक अनुदान – रु १ करोड
प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान चालू – रु १ लाख २३ हजार
प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान पूजिगत – रु ३६ लाख ८३ हजार
प्रदेश सरकार राजस्व बाँडफाँड बाट प्राप्त अनुदान – रु २५ लाख ४२ हजार ३ सय १०
आगामि आ.व. को अनुमानित आन्तरिक स्रोत - रु १७ लाख २ हजार ५ सय
चालु आ.व. २०७८/०७९ को अनुमानित रकम – रु ५ करोड ६८ लाख ३६ हजार ५ सय

व्याय तर्फ

चालु वजेट :- ३० करोड ८७ लाख ५० हजार ३ सय १०

पूजिगत वजेटः- १७ करोड २३ लाख ४४ हजार

यसर्थ,

यस गाउँपालिकाको आ.व. २०७९/०८० मो कुल वजेट रु ४८ करोड १० लाख ९४ हजार ३ सय १० रहेको व्यहोरा यस सम्मानित सभामा जानकारी  गराउँदछु ।

सभाध्यक्ष महोदय, एवं उपस्तथित सभाका सम्पुर्ण सदस्य ज्यूहरु

अव म उल्लेखित वजेटको आधारमा आगामी आ.व. २०७९/०८० को योजना तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।

त्यसै गरी चालु वजेट तर्फ एकमुष्ट रकम रु ३० करोड ८७ लाख ५० हजार ३ सय १० विनियोजन गरेको छु

अन्त्यमा,

जनाधारको अभिमत र सामाजिक तथा आर्थिक परिवर्तनलाई रुपान्तरणको खाकातिर लैजान कार्ययोजनाका साथ आ.व. २०७८/०७९ को वजेट तथा कार्यक्रम ल्याएको छु । प्रस्तुत वजेट तथा कार्यक्रमले पक्कै पनि ऐसेलुखर्क गाउँपालिकाको भविष्यको मार्गदर्शक वन्नेछ । यस पालिकालाई समृद्ध बनाउन आम पालिकाबासी दाजु-भाई दिदि-बहिनी तगायत सम्पुर्णले आ-आफ्नो ठाउँबाट उत्तिकै महत्वपूर्ण भुमिका खेल्नुहुनेछ भन्ने पुर्ण आसा गरेको छु ।

प्रस्तुत योजना तथा कार्यक्रमहरुको लागि स्रोत जुटाइदिनुहुने संघीय सरकार, प्रदेश सरकार लाई विशेष आभार प्रकट गर्नु चाहान्छु । सथै विकासको लागि साझेदारी गर्न प्रतिवद्धता जनाउनु भएका सवै संघ संस्थाहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । यस वजेटले ऐसेलुखर्क गाउँपालिकाको मुहार फेर्नेछ भन्ने विस्वासका साथै कार्यान्वयनका लागि सवैमा विशेस अपिल गर्दै यस सम्मानित सभालाई वजेट पेश गर्दछु ।

धन्यवाद ।